# आचार संहिता

यो आचार संहिता निजी क्षेत्र तथा गैर-सरकारी सङ्गठनहरूलगायत सेवा प्रवाह तथा कार्यान्वयनका हाम्रा साझेदारहरूको माध्यमबाट ग्रामीण पहुँच कार्यक्रम ३ का गतिविधिहरूमा संलग्न यस कार्यक्रमका सम्पूर्ण कर्मचारीहरूलाई लागू हुनेछ ।

## १. भ्रष्टाचार विरोधी :

ग्रामीण पहुँच कार्यक्रम ३ ले संयुक्त अधिराज्यको भ्रष्टाचार-विरोधी तथा घूससम्बन्धि कानुन, सन् २०१० को परिप्रेक्ष्यभित्र रही कार्य सञ्चालन गर्दछ । भ्रष्टाचार विरोधी यस आचार संहिताको पालनाले यस कानुन एवं नेपालको प्रचलित भ्रष्टाचारविरोधी कानुनको पालन सुनिश्चित गर्दछ ।

## हामी :

- ✓ निष्पक्ष रूपमा ग्रामीण पहुँच कार्यक्रम ३, अन्तर्राष्ट्रिय विकास विभाग (Department for International Development – DFID) र नेपालका जनताको सर्वोत्तम हितमा काम गर्नेछौं ।
- ✓ स्थानीय श्रम कानुनहरू तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको "कामका आधारभूत सिद्धान्त तथा अधिकारहरूका बारेमा घोषणा" (सन् १९६८) मा रूपरेखा प्रस्तुत गरिएबमोजिम श्रमका मूलभूत मापदण्डहरूको पैरवी गर्नेछौं र तिनको पालन गर्नेछौं ।
- ✓ भ्रष्टाचारका सम्पूर्ण स्वरूपप्रति शून्य सहनशीलताको अवधारणा अवलम्बन गर्नेछौं ।
- ✓ संयुक्त अधिराज्यका, अन्तर्राष्ट्रिय र राष्ट्रिय घूसविरोधी तथा भ्रष्टाचारविरोधी सम्पूर्ण सान्दर्भिक कानुनको पालन सुनिश्चित गर्नेछौं ।
- ✓ सम्पूर्ण प्रमुख सरोकारवाला तथा कार्यान्वयनका साझेदारहरूसँग विश्वास र सम्मानको भावनाको विकास गर्नेछौं ।
- ✓ सम्पूर्ण सेवाहरू इमानदारीसहित उपलब्ध गराउनेछौं र हामी आफैंलाई व्यावसायिकतापूर्वक सञ्चालन गर्नेछौं ।
- ✓ निष्पक्ष र पारदर्शी खरिद तथा कार्यान्वयनको सिद्धान्तको पालन गर्नेछौं ।
- ✓ आफ्ना सेवाहरू उपलब्ध गराउने कार्यमा उपयुक्त सिप, हेरचाह एवं लगनशीलतालाई प्रयोगमा ल्याउनेछौं ।
- ✓ ग्रामीण पहुँच कार्यक्रम ३ का कर्मचारीहरू र आफ्ना साझेदार एवं कार्यान्वयन गर्ने सङ्गठनहरूको माध्यमबाट संलग्न सबैलाई ग्रामीण पहुँच कार्यक्रम ३ को भ्रष्टाचार विरोधी निर्देशिकाका बारेमा प्रशिक्षणसम्बन्धी सामग्री उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्नेछौं ।

- ✓ सम्पूर्ण कर्मचारीले सम्भावित तथा वास्तविक रूपमा देखिएका भ्रष्ट कामहरूहरूका बारेमा प्रतिवेदन पेश गर्ने कार्यविधिलगायत ग्रामीण पहुँच कार्यक्रम ३ का भ्रष्टाचारविरोधी कार्यविधिहरू थाहा पाउँछन् र तिनको पालना गर्दछन् भन्ने कुरा सुनिश्चित गर्दछौं ।
- ✓ ग्रामीण पहुँच कार्यक्रम ३ को प्रशासन तथा व्यवस्थापनमा छानबिन गर्ने र वैधानिक रूपमा गठन गरिएको अनुसन्धान गर्ने कुनै पनि निकायसँग पूर्ण रूपमा सहयोग गर्नेछौं ।
- ✓ आन्तरिक लेखापरीक्षणसम्बन्धी कार्यक्रममा ग्रामीण पहुँच कार्यक्रम ३ को भ्रष्टाचारविरोधी कार्यविधिको पालनासम्बन्धी परीक्षण समावेश गरिन्छ भन्ने सुनिश्चित गर्नेछौं ।

**हामी :**

- × सूचनाको गलत रूपमा गरिएको प्रतिनिधित्वमार्फत कुनै पनि निर्णयमाथि प्रभाव पार्न जानाजान प्रयास गर्नेछैनौं र त्यस्ता प्रयासहरूलाई स्वीकृत गर्नेछैनौं ।
- × नकारात्मक प्रतिनिधित्वमार्फत तेस्रो पक्षको ख्यातिमाथि चोट पुऱ्याउन अथवा नियतवश केही पनि गर्नेछैनौं ।
- × कुनै पनि त्यस्तो गतिविधिमा संलग्न हुनेछैनौं जुन गतिविधिमा बेइमानी अथवा भ्रष्टाचारको काम संलग्न हुनेछ अथवा हुन सक्नेछ ।
- × बेइमानीपूर्वक काम गर्न अथवा जानाजान भ्रष्टाचारको काम गर्न कुनै पनि व्यक्तिलाई निर्देशन अथवा सल्लाह दिनेछैनौं ।
- × यदि नियतवश नै अनुचित किसिमले गतिविधि अथवा निर्णयहरूमाथि प्रभाव पार्ने छ भने उपहार, रकमको भुक्तानी अथवा अन्य कुनै फाइदा दिने छैनौं अथवा सो स्वीकार गर्नेछैनौं ।
- × ग्रामीण पहुँच कार्यक्रम ३ को निर्देशिका अथवा सम्बन्धित साझेदारहरूका लागू हुने कार्यविधिमा परिभाषित गरिएभन्दा बाहेक अन्य कुनै पनि किसिमले दाबी गर्ने प्रयास गर्नेछैनौं अथवा भुक्तानी स्वीकृत गर्नेछैनौं ।
- × सान्दर्भिक योजना, मापदण्ड अथवा करारहरूमा परिभाषित गरिएका शर्तहरू पूरा नगर्ने काम, सामग्री, उपकरण अथवा सेवा बेइमानीपूर्वक उपलब्ध गराउने, लुकाउने अथवा स्वीकृत गर्ने छैनौं ।

# २. व्यवहार

ग्रामीण पहुँच कार्यक्रम ३ को टोली भनेको फरक-फरक सामाजिक तथा सांस्कृतिक पृष्ठभूमि, उमेर, लैङ्गिकता, धर्म, शिक्षा र अनुभवको तह आदि भएका मानिसहरूको विविधतापूर्ण समूह हो । 'सामान्य' व्यवहार के हो भन्नेबारेमा फरक-फरक मानिसहरूका फरक-फरक दृष्टिकोण हुन्छन् – कुनै एक व्यक्तिका लागि सामान्य देखिने व्यवहार अरूका लागि अपमानजनक अथवा स्वीकार गर्न नसकिने देखिन सक्दछ । यस आचारसंहिताले टोलीभित्र सामञ्जस्यको भावना कायम गर्नका लागि र कसैले पनि आफ्ना विरुद्ध भेदभाव गरिएको छैन अथवा आफूलाई सताइएको छैन भन्ने कुरा सुनिश्चित गर्नका लागि केही आधारभूत मार्ग-दर्शन स्थापित गर्ने प्रयास गर्दछ ।

**हामी :**

- ✓ टोलीका सम्पूर्ण सदस्यहरूको जात, वर्ण, वंश, राष्ट्रियता अथवा जातीय उत्पत्ति, जातीय एवं धार्मिक पृष्ठभूमि, वैवाहिक हैसियत, उमेर, लिङ्ग, शारीरिक क्ष्वनावट अथवा बाह्य रूप, यौनिक अभिमुखीकरण जेसुकै भए तापनि सम्मान तथा निष्पक्षातापूर्वक ती सदस्यहरूप्रति व्यवहार गर्नेछौं ।
- ✓ मनिसहरूको व्यक्तिगत स्थान तथा स्वतन्त्र समयको सम्मान गर्नेछौं ।
- ✓ हामीले दिनदिनै सँगै मिलेर काम गर्नुपर्ने मानिसहरूलाई अनजानवश चिन्तित, अपमानित अथवा त्रसित पार्दैनौं भन्ने कुरा सुनिश्चित गर्नका निम्ति त्यस्ता व्यक्तिहरूका व्यवहार सम्बन्धी मान्यता र स्वीकार गर्न सकिने व्यवहारका सीमाहरूलाई बुझ्न प्रयास गर्नेछौं ।
- ✓ हामी आफूप्रति अथवा टोलीको कुनै पनि सदस्य (साझेदार तथा लाभान्वित हुने व्यक्तिहरूलगायत) प्रति निर्देशित र स्वीकार गर्न नसकिने भनी ठानिएको कुनै पनि वास्तविक अथवा शङ्कास्पद व्यवहारका बारेमा रिपोर्ट गर्नेछौं ।
- ✓ कसैले यस आचारसंहिताको पालन गरेको छैन भनी उल्लेख भएको अथवा त्यस्तो आशय भएको कुनै पनि प्रतिवेदनका बारेमा अनुसन्धान गरिएको छ र वरिष्ठ व्यवस्थापनद्वारा त्यसका बारेमा उपयुक्त कारबाही गरिएको छ भन्ने कुरा सुनिश्चित गर्नेछौं ।
- ✓ आफूविरुद्ध भेदभाव गरिएको, आफूलाई सङ्कटासन्न तथा त्रसित पारिएको अनुभूति गराउने व्यवहारको पहिचान गर्ने व्यक्तिको कुरा निजले अनुरोध गरेको खण्डमा गोपनीयतापूर्वक कुनै पनि पूर्वाग्रह र पूर्वनिर्णय सुनिन्छ र त्यस्तो व्यवहार रिपोर्ट गरेको कारणबाट उत्पन्न हुन सक्ने कुनै पनि सम्भावित नकारात्मक प्रभावबाट निजलाई संरक्षण प्रदान गरिएको छ भन्ने कुरा सुनिश्चित गर्नेछौं ।

**हामी :**

- ✓ बोलिने अथवा लेखिने सञ्चारमा अपमानजनक, बेइज्जती तथा अनादर गर्ने अथवा अनुपयुक्त रूपमा परिचित भाषाको प्रयोग गर्नेछैनौं ।
- ✓ कसैलाई पनि जिस्क्याउने, खिल्ली उडाउने, गाली गर्ने छैनौं र मजाक अथवा ख्यालठट्टाको प्रहार गर्ने छैनौं ।
- ✓ धम्की अथवा वास्तविक हिंसा अथवा आक्रमणलगायत आक्रामक अथवा दुर्व्यवहारपूर्ण व्यवहारको प्रयोग गर्नेछैनौं ।
- ✓ मदिरालगायत व्यवहारमाथि प्रभाव पार्ने मादक पदार्थको प्रभावमा काम गर्ने ठाउँमा आउनेछैनौं ।
- ✓ कुनै पनि प्रकारको तर्साउने, सताउने अथवा डराउने कार्यमा संलग्न हुनेछैनौं ।
- ✓ निकटको संग यौनिक अथवा धम्क्याउने प्रकृतिको सम्पर्कलगायत कुनै पनि प्रकारको मन नपराइने शारीरिक सम्पर्कमा संलग्न हुनेछैनौं ।
- ✓ दुर्भावनापूर्ण गफ अथवा आधारविनाका शिकायतहरूमा संलग्न हुनेछैनौं ।

*** सताउने कार्यमा यी काम पर्न सक्दछन् :**

* मौखिक दुर्व्यवहार अथवा त्यस्ता टिप्पणी जसले मानिसहरूलाई होच्याउँछन् अथवा रुढिवादी विचार व्यक्त गर्दछन् * परम्परागत विशेषताहरूका आधारमा अपमान गर्ने उद्देश्यले गरिएका अनादरपूर्ण अथवा होच्याउने ख्यालठट्टा * अपमानजनक सञ्चार (पोस्टर, चिठी, ई-मेल, लिखित सन्देश, स्क्रिन सेभर (screen savers), वेबसाइटजस्ता) * अपमानजनक तरिकाले टेलिफोन अथवा विद्युतीय चिठी अथवा कम्प्युटर प्रणालीद्वारा गरिने अन्य सञ्चार * बेइज्जत गर्ने, छेड हान्ने, गाली गर्ने र निन्दनिय अभिव्यक्ति अथवा तर्साउने कार्य * कुनै पनिव्यक्तिको निजी जीवनका बारेमा निरन्तर अथवा अतिक्रमण गर्ने प्रश्न अथवा टिप्पणीहरू * विशेष गरी पहिले नै अस्वीकार गरिसकेपछि मन नपराइने निमन्त्रणा * यौनिक, लिङ्गका आधारमा भेदभाव गर्ने, जातिवादी अथवा अन्य भेदभावपूर्ण व्यवहार संलग्न भएका अभिमुखीकरणसम्बन्धी गतिविधिहरू * सिट्ठी बजाउने, घुरेर हेर्ने र छड्के आँखाले हेर्नेजस्ता साङ्केतिक व्यवहार * मन नपराइने यौनिक अथवा अङ्कमाल, चुम्बन अथवा स्पर्शजस्ता शारीरिक सम्पर्क * यौन अनुमति प्राप्त गरेको बदलामा आश्वासन दिनु, प्रस्ताव गर्नु अथवा धम्की दिनु * लज्जाजनक, अपमानपूर्ण अथवा डराउने खालका व्यवहारमा संलग्नता * जाति, धर्म र प्रचलनका बारेमा निन्दनिय टिप्पणी * घोचपेच गर्ने अथवा अपमानजनक व्यवहारमा संलग्नता * जिस्क्याउने अथवा अपमानजनक भाषा तथा जातिवादी व्यवहार, र वेशभूषा अथवा संस्कृतिहरूको खिल्ली उडाउने काम ।

अपमानजनक व्यवहार धेरै पटक भएको हुनुपर्दैन : एउटै घटना पनि सताउने कार्य हुन सक्दछ । महत्वपूर्ण कुरा भनेको जुन व्यक्तिका विरुद्ध व्यवहार निर्देशित छ, त्यस व्यक्तिमाथि सो व्यवहारले कसरी असर गर्दछ भन्ने हो । अपमान गर्ने उद्देश्यले सो व्यवहार नगरिएको भए तापनि सताउने कार्य भएको हुन सक्दछ । फरक-फरक सामाजिक तथा सांस्कृतिक मापदण्डहरूको अर्थ केही व्यक्तिका लागि स्वीकार्य हुने व्यवहारलाई अरूद्वारा अपमानजनक भनी ठान्न सकिन्छ भन्ने तथ्यप्रति कर्मचारीहरू सचेत हुनुपर्दछ । मार्गदर्शनका रूपमा तपाईं आफैँलाई सोध्नुहोस् : **"के खास व्यवहारद्वारा कुनै तर्कसङ्गत व्यक्ति त्रसित, अपमानित अथवा लज्जित हुनेछ ?"**